" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

च.नं. :

मिति : २०८३/०३/१७

ने.सं. ११४६ तछलागा १ बुधवार

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) सम्बन्धी सूचना

## ठेक्का आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१७

मिक्लाजुङ गाउँपालिकाको आर्थिक ऐन,२०८३ अनुसार आ.ब. २०८३/०८४ को आन्तरिक आय संकलनका देहाय शिर्षकहरुको ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था तथा फर्महरुबाट देहायका शिर्षकको म्याद भित्र तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी Hardcopy को माध्यमबाट दरभाउपत्र खरिद गरी पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। इच्छुक फर्म/ संस्था/ प्रा.लि.ले दरभाउपत्र वापतको रकम यस कार्यालयको रवि स्थित कृषि विकास बैंकमा रवि शाखाको **ग१.१ आन्तरिक राजश्व खाता,** खाता नं. ०६२५१०१३९५९२५११२ (राजश्व शिर्षक नं.१४२२९) मा पछि फिर्ता नहुने गरी दरभाउपत्र पेश गर्न इच्छुक फर्महरुलाई जानकारी गराइन्छ।

### शर्तहरू

१) दरभाउपत्र प्राससंगै पहिलो पटक प्रकाशित मिति देखि १५ (पन्ध्र) दिन भित्र निवेदनका साथ उल्लेखित दस्तुर (फिर्ता नहुनेगरी) तिरी इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०८३/०३/३१ गते भित्र कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्र फारम शिलबन्दी गरि खाम बाहिर आफ्नो वा फर्मको नाम, ठेगाना, ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरि यस कार्यालयमा मिति २०८३/०३/३२ गते दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ।

३) खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले २०८३/०३/३२ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहोवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खोलिएको दिन सोहि बमोजिम हुनेछ।

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

च.नं. :

मिति : २०८३/०३/१७

ने.सं. ११४६ तछलागा १ बुधवार

५) उल्लेखित दरभाउपत्रहरु फर्मको नाममा दरभाउ गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि, स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यवसाय कर प्रमाणपत्रको नविकरण प्रतिलिपि, स्थायी लेखा नं. दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

६) धरौटी वापतको रकम आफूले कबुल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५ (पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए १० (दश) प्रतिशतका दरले हुन आउने रकम धरौटी बापत यस मिक्लाजुङ गाउँपालिकाको कार्यालयको नाममा रहेको रवि स्थित कृषि बिकास बैङ्क शाखा ग३.१ स्थानीय धरौटी खाता नं. ०६२५१०१३९५९२५०६६ मा दाखिला गरेको सक्कलै भौचर दरभाउपत्रसाथ राखी पेश गर्नुपर्नेछ।

७) म्याद नाघि आएको, रित नपुगेको वा शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुनेछैन।

८) दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिबृद्धि कर (भ्याट बाहेको दररेट उल्लेख गर्नुपर्नेछ) सो दररेटमा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप हुनुपर्नेछ।

९) यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

१०) ठेक्का स्वीकृत भई किस्ता बन्दिमा रकम राखी दाखिला गर्न चाहेमा पहिला किस्ता सम्झौता गर्नुपुर्व र बाँकी किस्ताको रकम बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको आय बन्दोबस्ती ठेक्का नं. तथा ठेक्का नाममा जारी भएको बैङ्क ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। सम्झौता समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १० (दश) प्रतिशतले हुन आउने रकम छुट दिइनेछ तथा समयमा किस्ता रकम नबुझाएमा बैङ्क ग्यारेन्टीबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

११) ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ।

१२) ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने सबै प्रकारका कर (मु.अ.कर समेत) ठेकेदार स्वयमले बुझाउनुपर्नेछ।

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

च.नं. :

मिति : २०८३/०३/१७

ने.सं. ११४६ तछलागा १ बुधवार

१३) ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ। कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन।

१४) आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारीको व्यवस्था, बन्दोबस्ती सामान ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ। रसिदमा अनिवार्य रुपमा सि.नं. उल्लेख गरी मिक्लाजुङ गाउँपालिकाको कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ। छाप तथा सि.नं. नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कारवाही गरिनेछ।

१५) दरभाउपत्र दाता र गाउँपालिका बिच कुनै किसिमको मतभिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ। यस सूचनामा उल्लेखिन नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ। अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र (सम्पर्क ९७४४३२०००२) मा राख्न सकिनेछ।

<u>तपसिलः-</u>

| आय ठेक्का सूचना नं. | आयको ठेक्का विवरण | न्यूनतम वार्षिक ठेक्का रकम (मू.अ.कर बाहेक) रू. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|
| ०३/२०८२/०८३ | हाटबजार तथा पूर्वाधार उपयोग कर रवि बजार क्षेत्र | रू. २,६०,०००।- (दुई लाख साठ्ठी हजार मात्र) | रू. १,०००।- |
| ०४/२०८२/०८३ | अन्य बस्तुहरुको उपयोग (निकासी) व्यवस्थापन कर | रू. ८,५०,०००।- (आठ लाख पचास हजार मात्र) | रू. १,०००।- |

२०८३/०३/१६

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत